राष्ट्रिय स्वास्थ्य वीमा शुल्क भुक्तानी नगरेको खण्डमा

राष्ट्रिय स्वास्थ्य वीमा शुल्क भुक्तानी नगर्ने ब्यक्ति उपर निम्नलिखित कदम लिइनेछ ।

१. <u>सचेतना पत्र पठाउने</u>

तोकिएको म्याद सम्ममा राष्ट्रिय स्वास्थ्य वीमा शुल्क भुक्तानी नगरेमा सचेतना पत्र पठाईन्छ । अथवा अन्य पत्र तथा फोन, प्रत्यक्ष उपस्थित भएर सचेत बनाउने पनि हुनसक्छ ।

२. <u>जफत गर्ने</u>

सचेतना पत्र पठाएको निश्चित अवधिसम्म पनि राष्ट्रिय स्वास्थ्य वीमा शुल्क भुक्तानी नगरेमा राष्ट्रिय कर संकलन नियमावलीको दफा १४१ अनुसार बैंक ब्यालेन्स, तलब, जीवन वीमा, अचल सम्पत्ति आदिको अनुसन्धान गरिन्छ । तलब आम्दानी भएमा काम गर्ने कम्पनीमा अनुसन्धान गरिन्छ । अनुसन्धानबाट सम्पत्ति भएको पाईएमा राष्ट्रिय कर संकलन नियमावली दफा ४७ अनुसार जफत गरिन्छ ।

सम्पूर्ण परिवार सदस्यको राष्ट्रिय स्वास्थ्य वीमा शुल्क भुक्तानीको दायित्व घरमुलीमा हुने भएकोले घरमुली सामाजिक वीमामा प्रवेश गरेको भएपनि अन्य परिवारको वीमा शुल्कको विल घरमुलीलाई पठाइनेछ । भुक्तानी वक्यौता भएमा घरमुलीको सम्पत्ति जफत गर्न सकिनेछ ।

३. <u>अल्पकालीन वीमा कार्ड जारी</u>

प्रयोग गर्ने म्याद छोटो भएको वीमा कार्ड जारी गर्न पनि सकिनेछ । यस्तो कार्ड बढीमा ६ महिना प्रयोग हुन्छ ।

४. <u>वीमा योग्यता प्रमाण-पत्र जारी</u>

निश्चित अवधिको भुक्तानी बाँकी रहेमा वीमा योग्यता प्रमाण-पत्र जारी गरिनेछ । वीमा योग्यता प्रमाण-पत्र भन्नाले वीमा कार्ड नभई उक्त ब्यक्ति वीमा गर्नको लागि योग्य ठहरिने कागजात मात्र भएकोले औषधि उपचारको खर्च पूरै रकम सम्वन्धित ब्यक्तिले नै भुक्तानी गर्नु पर्ने हुन्छ ।उक्त रकम पछि गएर वीमाबाट फिर्ता दिने व्यवस्था पनि हुन्छ तर वाँकी रहेको वीमा शुल्क चुक्ता गर्नु पर्ने हुन्छ ।

५. <u>भुक्तानीको सीमितता</u>

◆अधिकतम रकम लागू प्रमाण-पत्र जारीको प्रतिबन्ध

बक्यौता वाँकी हुने ब्यक्तिको लागि अधिकतम रकम लागू प्रमाण-पत्र जारी नहुन पनि सक्छ ।

◆उपचार खर्च आदि बिमा रकममा मिलान

राष्ट्रिय स्वास्थ्य वीमाबाट आउने रकम (उपचार खर्च, अधिकतम उपचार खर्च, गर्भवती भत्ता, अन्तिम संस्कार भत्ता आदि) को पूरै अथवा आंशिक रकम बक्यौता रहेको वीमा शुल्कमा मिलान गर्न सकिनेछ ।

विदेशी नागरिकको बारेमा

कानून मन्त्रालयले थप बिदेशी कामदार भित्र्याउने प्रकृया अघि बढेको सन्दर्भमा वीमा शुल्क बक्यौता रहेमा भिसाको अवधी नवीकरण गर्न अनुमति नदिने नीति बनाउने कुरामा विचाराधिन रहेको छ ।

निर्दिष्ट सीप भएको विदेशी नागरिकले नागरिक स्वास्थ्य बिमा तथा नागरिक पेन्सनको बिमा शुल्क निश्चित अवधि भन्दा लामो समय भुक्तानी नगरेमा, वा आफ्नै जिम्मेवारीको कारणले आय कर आदि निश्चित अवधि भन्दा लामो समय भुक्तानी नगरेको अवस्थामा बसोबास योग्यता परिवर्तनको अनुमति आवेदन वा बसोबास अवधि नवीकरणको अनुमति आवेदन अस्वीकृत गरिनेछ। साथै सम्बन्धित निकायहरूसँग जानकारी आदानप्रदान गरी, सामाजिक बिमामा आबद्ध हुन र कर भुक्तानी दायित्व निभाउन प्रोत्साहित गर्ने कार्यलाई अघि बढाइनेछ। साथै आउने दिनहरूमा अन्य बसोबास योग्यता भएको विदेशी नागरिकलाई पनि यस्तै प्रक्रिया अपनाउने कुराबारे विचार गरिनेछ।

＊ यो "अध्यागमन ब्युरो आधारभूत योजना" (न्याय मन्त्रालय) (http://www.moj.go.jp/nyuukokukanri/kouhou/nyuukokukanri06_00140.html) लाई आधार बनाई तयार गरिएको छ।

## भुक्तानी सम्बन्धी परामर्श

राष्ट्रिय वीमा शुल्क अनिवार्य रुपमा तोकिएको म्याद भित्रमा भुक्तानी गर्नुहोस् । घरको आर्थिक अवस्था लगायत कुनै बाध्यकारी परिस्थितिले भुक्तानी गर्न नसकेमा परामर्शको लागि आउनुहोस् । सोमबारदेखि शुक्रबारसम्म (कामको दिन) परामर्शको लागि आउन सम्भब नभएमा दोश्रो आइतबार (बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म) कार्यालय खुल्ला रहने भएकोले उक्त समयको प्रयोग गर्न सकिनेछ । (तर उक्त दिन भुक्तानीको काम भने गर्न सकिने छैन)